# २

# यहूदी इसाई र गैर-यहूदी इसाईहरुको बीचमा भएको ठूलो विवाद

***यस अध्यायका मूल पदहरू***: हिब्रू ८:६, मत्ती १९:१७, प्रकाश १२:१७, लेवी २३, प्रेरित २३, प्रेरित १५:१-२९ र गलाती १:१-१२।

***यस अध्यायको मूल सार पद:*** "व्यवस्था मोशाद्वारा दिइयो तर अनुग्रह र सत्यता ख्रीष्ट येशूद्वारा हामीमा आयो।" (यूहन्ना १:१७ रूपान्तरित)।

प्रथम शताब्दीका प्रथम इसाईहरू प्रायजसो सबै यहूदीहरू थिए। ती यहूदीहरूले येशूलाई मसीह भनेर विश्वास गरेपछि आफ्ना पुर्खाहरूलाई परमेश्वरले दिनुभएको करारहरू वा तिनीहरूको आस्थालाई त्याग्नुपर्छ भन्ने सोच कहिल्यै पनि गरेका थिएनन्। हुनत, तिनीहरू ठीकै थियो। के इसाई हुन आफ्नो परम्परा यहूदी जात नै त्याग्नुपर्छ र भन्ने तर्क ती यहूदी इसाईहरूमा चलिरहेको थियो। फेरि त्यसै अनुसार के अयहूदी वा अन्य जाति वा विदेशीहरू येशूलाई ग्रहण गर्न यहूदी नै हुनु पर्छ र भन्ने तर्क पनि चलिरहेकै थियो। त्यो विवादलाई सुल्झाउन येशूका चेलाहरू र अरू विश्वासीहरूको भेला यरुशलेममा भएको थियो। त्यस यरुशलेमको परिषदले त्यस जवाफको ठोस निर्णय दिइएको थियो। पुरानो करारका विभिन्न चाडबाड, रितिथिति, बलिप्रथा र व्यवस्थाहरू मान्न लगाएर अयहूदी वा अन्य जातिहरूलाई बोझ नदिने निर्णय त्यस परिषदले पारित गरेको थियो। अर्थात् कोही अयहूदी वा अन्य जातिले येशूलाई ग्रहण गर्छ भने त्यो व्यक्ति यहूदी हुनुपर्छ भन्ने आवश्यकता नभएको त्यस परिषदले ठहर गरेको थियो।

उपर्युक्त परिषदको निर्णयको बावजुद पनि कतिपय यहूदी इसाई धर्मगुरूहरूले चर्चहरूमा गएर अयूदी इसाईहरू यहूदी धर्मको परम्परा, नीतिनियम र व्यवस्थाहरू पालन गर्नैपर्छ भनेर जिकिर गर्दै सिकाइरहेका थिए। त्यसमा मूलतः ती अयूदीहरूले खतना गर्नैपर्छ भनेर जोड दिइरहेका थिए (बिशेष गरेर प्रौढ इसाईहरूको बीचमा त्यो हुकुम लोकप्रिय थिएन)। यदि ती अयहूदीहरू पनि करारका जनहरू वा यहूदीहरूको आशिषमा सहभागी हुन चाहन्छन् र तिनीहरूको इस्रायली राज्यको दायरमा बस्न चाहन्छन् भने यहूदीहरूले पालन गरेका नीतिनियम र परम्परा मान्नै पर्छ भन्ने तिनीहरूको सोच थियो।

यथार्थमा के विषयहरूमा विवाद भएको थियो र तिनीहरूले विवाद कसरी सुल्झाए त भन्ने विषय यस अध्यायको विषयबस्तु हो।

## १. अत्यन्त उत्तम करार वा परमेश्वरको वाचा

**हिब्रू ८:६मा लेखिएको छः "तर यसै पनि ख्रीष्टले प्राप्त गर्नुभएको सेवा त्यतिकै बढ़ी श्रेष्ठ छ, जत्तिको उहाँले मध्यस्थता गर्नुभएको करार पुरानोभन्दा उत्तम छ। किनभने यो करारको जग उत्तम प्रतिज्ञाहरूमा बसालिएको छ।" यसमा सन्देश के छ? "उत्तम करारहरू" भनेको अर्थलाई हामीहरूले कसरी बुझ्ने?**

नासरथको येशू मसीहको आगमनको युग नै सायद पुरानो र नयाँ करारमा भएको सबभन्दा ठूलो अन्तर हो भन्नुमा कसैको दुईमत हुन सक्दैन। उहाँको आगमनले यस युगलाई नयाँ युगमा प्रवेश गराइएको थियो। सारा मानव जातिको मुक्तिको निम्ति उहाँलाई परमेश्वरले यस संसारमा पठाउनुभएको थियो। उहाँलाई पन्छाएर मानिसहरूले मुक्ति पाउन अपेक्षा गर्न सक्दैनन्। येशूको बलिले मात्र मानिसहरूको पाप क्षमा हुने प्रावधान बनाइएको छ। मानिसहरूमा ओढाइएको येशूको सिद्ध जीवनले मात्र परमेश्वरको सामु तिनीहरू निरपराध भएर उभिन सक्छन्। स्पष्ट रूपमा भन्ने हो भने मुक्ति भनेको येशूको धार्मिकताले मात्र प्राप्त हुन्छ, त्यसको विकल्प अरू छैन।

मसीह युगको आशिष र मुक्तिको प्रतिज्ञालाई पुरानो करारका सन्तहरूले अपेक्षा गरिरहेका थिए। जब येशू मसीह आउनु भयो तब नयाँ करारका मानिसहरूले यो प्रश्नको सामना गर्नुपरेको थियो, *के परमेश्वरले मसीहको रूपमा पठाउनुभएको नासरथको येशूलाई तिनीहरूले आफ्ना मुक्तिदाता भनेर स्वीकार गर्छन र?* येशूलाई विश्वास गरेर उहाँमा निष्ठावान जीवन बिताइयो भने उहाँले सित्तैंमा आफ्नो सिद्ध तथा धार्मिकता तिनीहरूलाई दिनुहुन्थ्यो।

फेरि त्यसै वखत पापलाई परिभाषा गर्ने र नैतिक आवश्यकता गर्न अपेक्षा गरिएका परमेश्वरका दश आज्ञाहरू नयाँ नियममा परिवर्तन नभएको हामी पाउँछौं। ती दश आज्ञाहरूले नै परमेश्वर पिता र येशूको चरित्रका जग हुन्। दश आज्ञा विना पापलाई पाप हो भनेर महसुस गराउन नसक्ने भएकोले पुरानो करारमा वा येशू आउनुभन्दा अगाडि लेखिएको बाइबल धर्मशास्त्रमा मात्र होइन, नयाँ करारमा अर्थात् येशू पछि लेखिएका पवित्र शास्त्रमा पनि ती दश

आज्ञाहरू मानिसहरूले मान्नु पर्ने अत्यन्त महत्वपूर्ण नीतिहरू हुन भनेर स्वीकार गर्नु आवश्यक ठान्नुपर्छ।

**मोशाको हातबाट दिइएको दश आज्ञाहरू अर्थात् परमेश्वरको व्यवस्था नयाँ करारमा पनि अटल भएर खडा भइरहेको छ भनेर देहायका केहि पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्ः मत्ती १९:१६,१७ "१६ उहाँकहाँ आएर एक जनाले भने, "हे गुरु, मैले अनन्त जीवन प्राप्त गर्नलाई के असल काम गर्नुपर्छ?" १७ उहाँले तिनलाई भन्नुभयो, "असल के हो त्यस विषयमा तिमी मलाई किन सोध्दछौ? असल त एउटै मात्र हुनुहुन्छ। तर तिमी जीवनमा प्रवेश गर्न इच्छा गर्दछौ भने, आज्ञाहरू पालन गर।", प्रकाश १४:१२ "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।" र याकूब २:१०,११ "१० जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। ११ किनकि जसले "व्यभिचार नगर्" भन्नुभयो, उहाँले "हत्या नगर्" पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ।"**

यहूदी जातिले अपनाएका विशेष विविध संस्कारहरू पुरानो करारसँग बाँधिएका थिए। मन्दिरसँग सम्वधित बलिप्रथा जस्ता सबै रितिरिवाजहरू येशूको मृत्यु र उहाँको मूल पुजारीको काममा औंल्याएका थिए। तर जब परमेश्वरकहाँ आउने नयाँ बाटो खोलियो, तब ती धार्मिक संस्कार, रितिरिवाजहरू अर्थात् व्यवस्थाहरूको औचित्य समाप्त भइसकेको थियो। पुरानो करार अर्थात् नियमले मानेका सबै धार्मिक गतिविधिहरूले येशूलाई लक्षित गरेको बलिलाई देखाउँथ्यो। ती धार्मिक गतिविधिहरूका आधार नै येशूमा भएको अत्यन्त उत्तम वाचाहरू थिए। यदि येशू आउनु भएन र उहाँ हाम्रो निम्ति बलि हुनुभएन भने पुरानो नियममा अपनाएको सबै धार्मिक संस्कारहरू बेकार हुन्थे। येशूमा आधारित उत्तम करार वा प्रतिज्ञाहरू नै नयाँ युगको सुरुवात थियो।

यहूदी धर्मबाट इसाई आस्थामा प्रवेश गरिसकेपछि कसरी यहूदी संस्कारहरू परिवर्तन भयो भनेर यहूदी र गैर-यहूदीहरूलाई बुझाउने लक्ष्य नै धेरै लक्ष्यहरूमा प्रमुख लक्ष्य पावलको थियो भनेर रोमीको पुस्तकको विषयबस्तु थियो। येशूलाई विश्वास गरेर धार्मिक संस्कारमा आमूल परिवर्तन ल्याउनुपर्ने चलन अपनाउन यहूदीहरूलाई समय लाग्दथ्यो। येशूलाई विश्वास गर्ने धेरै यहूदीहरू त्यो महान् आमूल परिवर्तनमा प्रवेश गर्न तयार थिएनन्।

बाइबलमा धेरै धेरै प्रतिज्ञाहरू छन्। तिनीहरूमा तपाईंलाई मनपर्ने के छन्? ती बाचाहरूलाई तपाईंको निम्ति पनि हो भनेर तपाईंले प्रायजसो कतिपटक दावी गर्नुहुन्छ? तपाईंको जीवनमा ती बाचाहरूलाई आफ्नो बनाउन केले रोकिराखेको छ? अर्थात् तपाईंले के गरिरहनुभएको छ जसले गर्दा ती बाचाहरू केवल इतिहासको पानामा मात्र सिमित हुन पुगेका छन्?

## २. यहूदी व्यवस्था, रितिरिवाज र नीतिनियमहरू

**तपाईंको समय भए लेवीको पुस्तक सरसर्ती हेर्नुहोस्। विशेष गरेर लेवी १२, १६, र २३ अध्याय हेर्नुहोस्। त्यहाँ उल्लेख गरिएका सबै रितिथिति, मन्दिरमा चलाएका सेवाकार्यहरू आदि पढ्दा तपाईं के सोच्नुहुन्छ? नयाँ करार अर्थात् वर्तमान परिप्रेक्ष्यमा प्रायजसो ती धेरै नीतिनियमहरू वा संस्कारहरू पालन गर्न किन असम्भव हुन्छन् होला? अर्थात् ती व्यवस्थाहरू किन अव्यवाहारिक छन्?**

पुरानो करारमा व्यवस्था भनेको के हो भनेर स्पष्ट पार्न त्यसलाई विभिन्न समूहहरूमा राखेर सूची बनाउँदा उचित देखिन्छ। ती समूहमा (१) नैतिक व्यवस्था (२) धार्मिक रितिरिवाज तथा सस्कारहरू (३) देशका सबै नागरिकले अपनाउनुपर्ने नियमहरू  (४) लिखित ऐन कानून र न्यायप्रणालीको व्यवस्था र (५) असल स्वास्थ्यका नियमहरू। तर याद गर्नुहोस्, पुरानो करारका मानिसहरूले ती व्यवस्थाहरूलाई यसरी छुट्याएका थिएनन्। किनभने माथि उल्लेख गरिएका प्रत्येक समूहका व्यवस्थाहरूमा धेरै साझा कुराहरू थिए। त्यसकारण तत्कालीन मानिसहरूले ती विविध व्यवस्थाहरूलाई एकै समूहमा राखेका थिए।

परमेश्वरको नैतिक व्यवस्था जसले उहाँको स्वभावलाई झल्काउँछ, त्यसलाई छोटकरीमा दश आज्ञाहरूमा दिइएको छ (प्रस्थान २०:१-१७)। मानव समाजले अपनाउनुपर्ने नैतिक आदर्श चरित्रका नियमहरूलाई त्यस दश आज्ञाहरूले संक्षिप्तरूपमा व्याख्या गरेका छन्। हामी कस्तो विधिको शासन वा परमेश्वरको नीतिमा हिंड्छौं भनेर देखाउने मापदण्ड नै दश आज्ञाहरू हुन् जुन् बाइबलका उत्पत्तिदेखि प्रकाशसम्म अटल धरोहरको रूमा खडा भएका छन्। मोशाका प्रथम् पाँच पुस्तकहरूमा उल्लेख गरिएका विभिन्न व्यवस्था, संस्कार र नियमहरूमा दश आज्ञाहरूलाई स्पष्ट पारेको पाउँछौं। जुनसुकै परिस्थितिमा पनि दश आज्ञाहरूलाई शिरोपर गर्नुपर्छ भनेर ती व्यवस्था तथा संस्कारहरूले देखाउँछन्। तिनीहरूमा नागरिक शास्त्र अर्थात् नागरिक ऐन जुन् दश आज्ञाकै

नीति भित्र छन्। सरकारी नेताहरूले, आफ्नै देश र जनताहरूसँग कस्तो व्यवहार गर्नुपर्छ भनेर यस नागरिक ऐनले देखाउँछन्। जब मानिसहरूले ती ऐनलाई टोडे भने कस्तो खालको सजायँ पाउँछन् भनेर त्यस सजायँको सूची त्यस नागरिक ऐनमा उल्लेख गरिएका छन्।

अनि धार्मिक संस्कार अर्थात् रितिरिवाजहरू चाहिँ मन्दिरमा हुने सेवाकार्यसँग सम्वन्धित थिए। प्रत्येक व्यक्तिले विभिन्न खालका भेटीहरू, विभिन्न बलिहरू कसरी र कहिले चढाउनुपर्छ भनेर यसले बताएको थियो। विभिन्न चाडवाडहरूका सूची र तिनीहरूलाई किन मान्नुपर्छ भनेर विस्तृत रूपमा गरेको व्याख्या पनि यस धार्मिक संस्कारमा व्याख्या गरिएको थियो।

अनि त्यसपछि स्वास्थका नियमहरू पनि व्यवस्थाको पुस्तकमा उल्लेख गरिएका छन्। अशुद्ध हुनुबाट कसरी जोगिने भनेर ती नियमहरूले बताउँछन्। शरीरलाई कसरी स्वस्थ राख्ने भन्ने नियमहरू पनि यहि व्यवस्थामा पाइन्छ। तर रीतिरिवाजका नियमहरूमा कतिपय स्वास्थ्य र सफासुघ्घर जीवन अपनाउनुको साथै धार्मिक स्वास्थका नियमहरूमा पनि आधारित भएको छ। कुन शुद्ध मासु हो र कुन अशुद्ध मासु भनेर तोकिएका नियमहरू तिनीहरूले ल्याउने शारीरिक अवस्थाहरूलाई ध्यानमा राखेर दिइएको थियो।

ती सबै व्यवस्थाहरू एउटै पोकामा परमेश्वरले दिनुभएको हो भनेर यहूदीहरूले सोचेतापनि ती व्यवस्थाहरूको बीचमा केही भिन्नता छ भनेर तिनीहरूको दिमागले सोचेको हुनुपर्छ। अरू व्यवस्थाहरू परमेश्वरले मोशाद्वारा दिनुभएको थियो भने दश आज्ञाहरू सिधै मानिसहरूलाई उहाँले घोषणा गर्नुभएको थियो। त्यसैले गर्दा दश आज्ञाहरूको इज्जत अरूभन्दा उल्लेखनीय र फरक भएको देखिन्छ। परमेश्वरको पवित्र मन्दिरमा हुने विभिन्न सेवाकार्यहरू मन्दिर सञ्चालन हुँञ्जेलसम्ममात्र कायम थियो भने दश आज्ञाहरू अनन्तका नियमहरू थिए।

जब यहूदीहरूले आफ्नो स्वतन्त्रता गुमाए र अरू राष्ट्रको नागरिक नियमहरूको नियन्त्रणमा रहनुपरेको थियो तब परमेश्वरका जनहरू भएर अपनाउनुपर्ने प्रायजसो नागरिक नियमहरू लागु गर्न नसकिने भएका थिए। जब मन्दिर ध्वस्त भयो तब त्यहाँ अपनाएका विभिन्न धार्मिक रीतिरिवाज र बलिप्रथाहरू यहूदीहरूले मान्न छोडेका थिए। फेरि जब येशू मसीह आउनुभयो तब उहाँलाई देखाउन प्रतीकको रूपमा चलेका सबै रीतिरिवाजहरूको मान्यता समाप्त भएको थियो।

## ३. मोशाको चलन अनुसार

प्रेरित १५:१मा उल्लेख गरिएका विषयवस्तु यहूदी इसाईहरूको निम्ति संवेदनशील थियो। यसमा लेखिएको छः "केहि मानिसहरू यहूदियाबाट त्यहाँ आएर विश्वासीहरूलाई यसरी शिक्षा दिए, तपाईहरुले मोशाको रितिअनुसार खतना नगरेसम्म मुक्ति पाउन सक्नुहुन्न।' यो खतनाको विधि केवल यहूदी राष्ट्रलाई मात्र होइन भनेर किन मानिसहरूले विश्वास गरेका थिए? तिनीहरूले उत्पत्ति १७:९-१४मा परमेश्वरले मोशाद्वारा दिनुभएको देहायको निर्देशनलाई औंल्याएका थिए "९ अनि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तिमीले चाहिँ मेरो करार पालन गर्नुपर्छ– तिमी र तिमीपछिका तिम्रा सन्तानहरूले तिनका पुस्तौंसम्म। १० मेरो र तिम्रो, र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा भएको तिमीहरूले पालन गर्नुपर्ने मेरो करार यही होः तिमीहरूमध्येको हरेक पुरुष-जातिको खतना हुनुपर्छ। ११ तिमीहरूको आफ्नो खलड़ीको खतना हुनुपर्छ। मेरो र तिमीहरूका बीचमा भएको करारको चिन्ह यही हुनेछ। १२ तिमीहरूका पुस्तौंसम्म तिमीहरूमा हरेक पुरुष आठ दिनको हुने बित्तिकै त्यसको खतना गरिओस्, र साथै तिनीहरूको पनि, जो तिमीहरूका सन्तान होइनन्, चाहे घरमा जन्मेको होस् अथवा कुनै विदेशीबाट दाम हालेर किनेको होस्। १३ चाहे तिम्रो घरमा जन्मेको होस् वा दाम हालेर किनेको होस् जसको खलड़ीको खतना भएको छैन, त्यसको खतना हुनैपर्छ। यसरी मेरो करार तिमीहरूको शरीरमा पछि परन्तुसम्म हुनेछ। १४ खतना नगरिएको जुनसुकै पुरुष-जाति जसको खलड़ीको खतना भएको छैन, त्यो मानिस आफ्नो जातिबाट बहिष्कार गरिनेछ। त्यसले मेरो करार भङ्ग गर्छ।"

आधुनिक टर्की देशका तत्कालीन सहर आन्टिओखियाका चर्चका अगूवाहरू र सदस्यहरूसँग येशूका चेलाहरू एक भएर सुसमाचार प्रचारप्रसारको काम गरेका थिए। जति सक्यो त्यत्ति मानिसहरूले येशूमा विश्वास गरून् भनेर तिनीहरूले जोससाथ प्रचार गरिरहेका थिए। तर तिनीहरूको कामकार्वाहीमा हस्तक्षेप गर्न यहूदियाका फरिसी मतका अतिवादी यहूदी-इसाईहरू आएर त्यस स्थानका चर्चहरूमा गएर गैर-यहूदी विश्वासीहरूलाई ठूलो विवादमा फसाए। मुक्ति पाउन गैर-यहूदीहरूले येशूलाई विश्वास गरेर मात्र पुग्दैन तर खतना गर्नुपर्दछ र सारा पुरानो करारका संस्कारहरूलाई मान्नु पर्छ भनेर ती धर्मगुरुहरूले सिकाएका थिए। आफ्ना धर्मसंस्कार तथा परम्परामा यहूदीहरू निरन्तररूपमा अत्यन्त गौरव गर्दथे र पुरानो यहूदी परम्परा अनुसार सेवाकार्य गर्नुमात्र परमेश्वरको उत्तम सेवा हो भनेर कतिपय इसाई-यहूदीहरूले पनि

आभास् गरिरहेका थिए। उनीहरूले पालन गरि आएका परम्परा तथा धर्मसंस्कारलाई बदल्न परमेश्वरले कहिल्यै पनि अनुमोदन गर्नुहुन्न भनेर उनीहरूले विश्वास गरेका थिए। इसाई आस्थाको प्रमुख भागमा यहूदी व्यवस्था र रीतिथितिहरू पनि समावेश हुनुपर्छ भनेर तिनीहरूले जोड दिएका थिए। अब बलिप्रथा जस्ता यहूदी संस्कारहरूको औचित्य समाप्त भइसक्यो भन्ने ज्ञानमा तिनीहरू अनभिज्ञ अर्थात् थाहा नभएकोले पुरानो यहूदी संस्कृतिलाई कायम गर्नुपर्छ भनेर गैर-यहूदीजातका इसाईहरूलाई ती यहूदी-इसाईहरूले जोडकातोडले सिकाएका थिए। परमेश्वरको पुत्र येशूको मृत्युले सारा बलिप्रथाको ठाउँ लियो भनेर तिनीहरूलाई थाहा थिएन। जेजति धर्मसँग सम्वधित यहूदी संस्कारहरू थिए, ती केवल सिद्ध व्यक्ति येशूको प्रतीकमात्र थिए। जब येशू आउनुभयो र उहाँको मृत्यु भयो तब मन्दिरमा हुने सम्पूर्ण सेवाकार्य र रीतिथितिहरूको आवश्यकता समाप्त भइसकेको थियो।

येशूका चेला र अरू इसाई अगुवाहरू मिलेर बनिएको विवादको छानबिन आयोग वा परिषदले त्यस विवादलाई कसरी सुल्झायो त? हेर्नुहोस्, प्रेरित १५:२-१४ "१ अब कोही मानिसहरूले यहूदियाबाट एन्टिओखियामा आएर भाइहरूलाई यस्तो शिक्षा दिन लागे, “तिमीहरू मोशाको रीतिअनुसार खतना भएनौ भने त तिमीहरूको उद्धार हुन सक्नेछैन।” २ तब पावल र बारनाबासको तिनीहरूसँग धेरै मतभेद र वाद-विवाद भएपछि, त्यहाँका भाइहरूले पावल र बारनाबास र अरू कति जनालाई यस प्रश्नको फैसलाको निम्ति प्रेरितहरू र एल्डरहरूकहाँ यरूशलेम जानलाई नियुक्त गरे। ३ मण्डलीका सदस्यहरूले तिनीहरूलाई त्यहाँबाट बिदा दिए। तिनीहरू फोनिके र सामरियाबाट भएर जाँदा अन्यजातिहरूले प्रभुलाई ग्रहण गरेको कुरा तिनीहरूलाई सविस्तार सुनाए। यस खबरले त्यहाँका भाइहरू अत्यन्तै आनन्दित भए। ४ जब तिनीहरू यरूशलेम आइपुगे, तब तिनीहरूलाई मण्डली, प्रेरित र एल्डरहरूले स्वागत गरे। परमेश्वरले तिनीहरूसँग गर्नुभएका सबै कुराको प्रतिवेदन तिनीहरूले त्यहाँ दिए।

५ तब फरिसी दलका कतिपय विश्वास गर्नेहरूले उभिएर भने, “अन्यजातिहरूको खतना हुनु र तिनीहरूलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।” ६ यस विषयमा सोच-विचार गर्नलाई प्रेरितहरू र एल्डरहरू भेला भए। ७ निकै बहस चलेपछि पत्रुसले खड़ा भएर तिनीहरूलाई भने, “भाइ हो, तपाईंहरूलाई थाहै छ, सुरुका दिनहरूमा कसरी परमेश्वरले मेरो मुखबाट अन्यजातिहरूले सुसमाचारको वचन सुनून् र विश्वास गरून् भनी तिमीहरूका बीचबाट मलाई चुन्नुभयो। ८ हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई

जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनुभयो। ९ उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो। १० यसकारण चेलाहरूका काँधमा यो जुवा राखिदिएर किन परमेश्वरको परीक्षा गर्नुहुन्छ? यो जुवा न त हाम्रा पिता-पुर्खाले न हामीले बोक्न सक्यौं। ११ तर हामी विश्वास गर्दछौं, कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौं, जसरी तिनीहरूले पनि पाएका छन्।" १२ तब सभामा सबै चूप बसे, अनि अन्यजातिहरूका बीचमा परमेश्वरले तिनीहरूद्वारा कस्ता चिन्हहरू र आश्चर्यकर्महरू गर्नुभयो त्यसको बयान बारनाबास र पावलले गरे। उनीहरूले यो बयान सुने। १३ तिनीहरू बोलिसकेपछि याकूबले यसो भने, "भाइ हो, मेरो कुरा सुन्नुहोस्, १४ परमेश्वरले आफ्नै नाउँको निम्ति अन्यजातिहरूबाट एउटा जाति छान्ने कृपा गर्नुभयो भन्ने कुरो सिमोनले बताएका छन्।" "परमेश्वरले सिधै अगुवाइ गरोस् भनेर पावल पर्खेर बसेका थिए। केहि कुरा बदल्नु छ भने बदलाउन अधिकार चर्चको सङ्गतिमा एक भएर बसेका विश्वासीहरूलाई परमेश्वरले दिनुहुन्छ भन्ने कुरामा पावल स्वीकार गर्न तयार थिए। तिनी पनि नव-इसाई भएकोले बुज्रुक इसाई धर्मगुरुको बौद्धिक सरसल्लाह चाहिन्छ भन्ने कुरा उनलाई थाहा थियो। जब कुनै जटिल तथा महत्वपूर्ण समस्याको सामना गर्नुपर्‍यो त उनले ती समस्याहरूलाई चर्चमा ल्याउँदथे। अनि त्यसको समाधानको निम्ति परमेश्वरसँग ज्ञान माग्न र उचित निर्णय गर्न उनी सहविश्वासीहरूसँग मिलेर प्रार्थना गर्दथे।–एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टल्स, पृ, २००बाट रूपान्तरित।

आफूलाई परमेश्वरको प्रवक्ता वा भविष्यवक्ता भनेर बोलाइएको हो भनेर पावलले बराबर भनेका थिए। अरूको सेवा गर्न र येशूको बारेमा प्रचार गर्न येशूले नै उनलाई बोलाउनुभएको थियो भन्ने कुरामा पावललाई निश्चय थियो। तर ठूला चर्चको समूहसँग मिलेर काम गर्न पावल सहमत भएका थिए। पावल परमेश्वरको विशेष दूत भएतापनि आफूले चर्चमा भाऊ खोजेनन् र अरूभन्दा ठूलो हुन खोजेनन्। आफू चर्चको एक भाग हुँ भनेर उनले बुझेका थिए। सकेसम्म सम्पूर्ण चर्चसँग मिलेर काम गर्नु आवश्यक छ भन्ने धारणामा उनी प्रतिवद्ध भएका थिए।

**आफ्नो चर्चको नेतृत्वको बारेमा तपाईं के भन्नुहुन्छ? त्यस नेतृत्वसँग तपाईं कसरी राम्रोसँग मिलेर काम गरी रहनुभएको छ? परमेश्वरलाई सर्वोच्च स्थानमा राख्नको निम्ति सबै जना एकै मनका भएर काम गर्नु किन जरूरी छ? हरेकले आआफ्नै ढँग र स्वार्थीसिद्धिको निम्ति चर्चमा काम हुन थाल्यो भने त्यो**

चर्चको गति के होला? आफ्नो हितभन्दा पनि परमेश्वरको नाउँलाई उच्च पार्न आफूलाई पन्छाएर सबैसँग कसरी मिलेर काम गर्ने?

## ४. अन्य जाति वा यहूदी तथा इस्राएलीहरूले विदेशी कहलाइएका विश्वासीहरू

प्रेरित १५:५-२९को अनुसार त्यस परिषदले एक महत्वपूर्ण निर्णय पारित गरेका थिए। त्यो निर्णयमा आउनुको कारण के थियो? फेरि हेर्नुहोस्, "५
तब फरिसी दलका कतिपय विश्वास गर्नेहरूले उभिएर भने, "अन्यजातिहरूको खतना हुनु र तिनीहरूलाई मोशाको व्यवस्था पालन गर्ने आज्ञा दिनु आवश्यक छ।" ६ यस विषयमा सोच-विचार गर्नलाई प्रेरितहरू र एल्डरहरू भेला भए। ७
निकै बहस चलेपछि पत्रुसले खड़ा भएर तिनीहरूलाई भने, "भाइ हो, तपाईंहरूलाई थाहै छ, सुरुका दिनहरूमा कसरी परमेश्वरले मेरो मुखबाट अन्यजातिहरूले सुसमाचारको वचन सुनून् र विश्वास गरून् भनी तिमीहरूका बीचबाट मलाई चुन्नुभयो। ८ हृदयका कुरा जान्नुहुने परमेश्वरले तिनीहरूलाई पनि हामीलाई जस्तै पवित्र आत्मा दिनुभएर तिनीहरूलाई ग्रहण गरेको कुरा देखाउनुभयो। ९
उहाँले तिनीहरू र हामीहरूका बीच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरूका हृदय विश्वासद्वारा शुद्ध पार्नुभयो। १० यसकारण चेलाहरूका काँधमा यो जुवा राखिदिएर किन परमेश्वरको परीक्षा गर्नुहुन्छ? यो जुवा न त हाम्रा पिता-पुर्खाले न हामीले बोक्न सक्यौं। ११ तर हामी विश्वास गर्दछौं, कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौं, जसरी तिनीहरूले पनि पाएका छन्।" १२
तब सभामा सबै चूप बसे, अनि अन्यजातिहरूका बीचमा परमेश्वरले तिनीहरूद्वारा कस्ता चिन्हहरू र आश्चर्यकर्महरू गर्नुभयो त्यसको बयान बारनाबास र पावलले गरे। उनीहरूले यो बयान सुने। १३ तिनीहरू बोलिसकेपछि याकूबले यसो भने,
"भाइ हो, मेरो कुरा सुन्नुहोस्, १४ परमेश्वरले आफ्नै नाउँको निम्ति
अन्यजातिहरूबाट एउटा जाति छान्ने कृपा गर्नुभयो भन्ने कुरो सिमोनले बताएका छन्। १५ यसै कुरासँग अगमवक्ताका वचन पनि मिल्छन्, जस्तो लेखिएको छ,
१६ 'यी कुरापछि म फर्कनेछु, र दाऊदको भत्केको वासस्थान फेरि बनाउनेछु, त्यसको भग्नावशेष म फेरि बनाइदिनेछु, र त्यसलाई खड़ा गर्नेछु, १७ र बाँकी मानिसहरूले परमप्रभुलाई खोज्न सकून्, र सबै अन्यजातिहरूले पनि, जुनहरू मेरो नाउँद्वारा बोलाइएका छन्, १८ यो कुरा परमप्रभु भन्नुहुन्छ, जसले प्राचीन कालदेखि यी कुराहरू जनाउनुभएको छ, जो सृष्टिको आरम्भदेखि जानिएका छन्।' १९ "यसकारण मेरो फैसला यो छ, कि परमेश्वरतर्फ फर्कने अन्यजातिहरूलाई हामी दुःख नदिऔं, २० तर तिनीहरूलाई यी कुरा लेखिदिऔं,

**कि तिनीहरू मूर्तिपूजाको अशुद्धताबाट अलग्ग रहून्, व्यभिचारबाट, घोक्रो अँठ्याएर मारेको पशुको मासु र रगतबाट अलग्ग रहून्। २१ किनभने अघिका पुस्तादेखि नै सहरैपिच्छे मोशाका व्यवस्थाको प्रचार भइरहेको छ, किनकि यो हरेक सभाघरमा हरेक शबाथमा पढिँदै छ।" २२ तब प्रेरितहरू, एल्डरहरू र सम्पूर्ण मण्डलीले मिलेर आफ्ना बीचबाट कतिपय मानिसहरूलाई चुनेर पावल र बारनाबाससँग एन्टिओखियामा पठाउन उचित ठाने, र भाइहरूमध्ये मुख्य मानिसहरू, यहूदा भनिने बारसाबास र सिलासलाई चुने २३ र तिनका साथमा उनीहरूले यो पत्र पठाएः "एन्टिओखिया, सिरिया र किलिकियामा रहने अन्यजाति विश्वासी भाइहरूलाई, प्रेरितहरू र एल्डरहरूको अभिवादन। २४ हामीले सुनेका छौं, कि हाम्रा बीचका कुनै-कुनैले हाम्रो आदेशविना नै तपाईंहरूका मन अस्थिर तुल्याएर तपाईंहरूलाई कैयौं कुराले दुःख दिएका छन्। २५ यसकारण हामी सबैले सर्वसम्मतिद्वारा गरेको निर्णयअनुसार कतिपय मानिसहरूलाई चुनेर तिनीहरूलाई हाम्रा प्रिय बारनाबास र पावलका साथमा तपाईंहरूकहाँ पठाउन हामीलाई उचित लाग्यो। २६ यी मानिसहरू यस्ता हुन्, जसले हाम्रा प्रभु येशू ख्रीष्टको खातिर आफ्ना प्राण जोखिममा पारेका छन्। २७ यसकारण हामीले यहूदा र सिलासलाई पठाएका छौं। तिनीहरूले पनि सोही कुराहरू मुखैले बताउनेछन्। २८ किनभने पवित्र आत्मा र हामीहरूलाई यो उचित लाग्यो, कि यी आवश्यक कुराहरूबाहेक अरू बढ़ी बोझ तपाईंहरूलाई बोकाउनुहुँदैन। २९ तपाईंहरू मूर्तिहरूलाई बलि चढ़ाएको थोक, रगत, गला अँठ्याएर मारेको पशुको मासु र व्यभिचारबाट अलग्ग रहनुहोस्। यी कुराहरूबाट अलग्ग रहनुभयो भने असल हुनेछ। बिदा।"**

जुन निर्णय गरियो त्यो इसाई भएर पनि यहूदी परम्परालाई मान्नुपर्छ भनेर सिकाउनेहरूको खिलाफमा थियो। गैर-यहूदीहरूले पनि खतना गर्नुपर्छ र मोशाबाट प्राप्त भएको सम्पूर्ण बलिप्रथा, धार्मिक संस्कार तथा रीतिरिवाजलाई पालन गर्नुपर्छ भनेर ती यहूदी-इसाईहरूले सिकाएका थिए। "इसाई धर्ममा यहूदी व्यवस्था र यहूदी संस्कारहरू महत्वपूर्ण रूपमा समावेश हुनुपर्छ" भनेर ती यहूदी-इसाईहरूको चाहना थियो।"–एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स्,* पृ. १८९बाट रूपान्तरित।

पद १०मा पत्रुसले ती पुरानो व्यवस्थाहरूलाई कसैले पनि बोक्न नसक्ने बोझ भनेर चित्रण गरेको कुरा घतलाग्दो छ। परमेश्वरले नै ती संस्कारहरू आफ्नो जनहितको लागि बनाउनुभएको थियो भने त्यो कसरी बोझ हुनसक्छ र? हेर्दा त्यो सम्भव थिएन। तर समयकाल बितिजाँदा केही यहूदी

अगुवाहरूले आफ्नै तरिकाले थपिएका संस्कारहरू अपनाउन थालेको परम्पराहरूले गर्दा परमेश्वरको व्यवस्था आशिषको सट्टा बोझमा परिणत गरेका थिए। त्यस येरुशलेममा गठन भएको परिषदले ती बोझहरूबाट गैर-यहूदी इसाईहरूलाई बचाउन प्रयास गरेका थिए।

मोशाबाट दिइएको ती यहूदी संस्कार र परम्परालाई मान्नु आवश्यक छैन भनेर त्यस परिषदले गैर-यहूदी इसाईहरूलाई भनेतापनि दश आज्ञाहरूको बारेमा केही उल्लेख गरिएको थिएन। रगत नखानु भनेर निर्णय गर्ने त्यस परिषदले श्रीमान वा श्रीमती अब एक आफसमा निष्ठावान हुनु आवश्यक छैन वा कसैलाई मार्नु उचित छ भनेर अनुमोदन गऱ्यो भन्ने कुरा सोच्नु पनि सकिँदैन।

**प्रेरित १५:२०, २९मा उल्लेखनीय फैसला गरेको पाउँछौं। त्यो हो, "तब यतिमात्र लेखिदिनुपर्छ कि तिनीहरूले मूर्तिहरूलाई चढाएका प्रसाद नखाऊन्, व्यभिचारबाट अलग रहून, रगत नपिउन् र घाँटी अँठ्याएर मारेको मासु नखाऊन्। यति गर्नुभयो भने तपाईंहरूले असल गर्नुहुनेछ, बिदा।" गैर-यहूदी अर्थात् अरू जात वा देशबाट आएका विश्वासीहरूलाई ती निर्णय किन सुनाइयो? विषेश गरेर त्यहि नियमहरूलाई किन चुनियो त?**

आफ्ना नीतिनियमहरू गैर-यहूदी विश्वासीहरूलाई जबरजस्ती लाद्न येशूका चेलाहरूसहित भएको परिषदले मनाही गरेको थियो। तर फेरी त्यस परिषदले ती गैर-यहूदी इसाईहरूले यस्तो केहि नगरून भनेको चाहन्थे जसले गर्दा यहूदी-इसाईहरूको चित्त दुखोस्। त्यसकारण, मूर्तिलाई चढाएको प्रसाद नखानु, बैवाहिक गठबन्दनलाई तोडेर परपुरुष वा परस्त्रीगमन नगरोस र घाँटी अँठ्याएर मारेका पशु र रगत नपिउनु भनेर फैसला गर्न प्रेरित र इसाई अगुवाहरू सहमत भएका थिए। त्यसो भए साबथको बारेमा त्यहाँ उल्लेख नै गरिएको छैन, त्यसकारण त्यसलाई पनि गैर-यहूदी इसाईहरूले मान्नु जरूरी छैन भनेर कसै कसैले तर्क नगरेको त होइन। तर ती फैसलामा झुटो नबोल्नु, कसैलाई नमार्नु, आमाबाबुलाई आदर गर्नु, अरूको लोभ नगर्नु, मुर्ति पुजा नगर्नु आदि पनि त भनेको छैन नि ! त्यसकारण साबथको बारेमा तर्क गर्नु मनासिव देखिँदैन। **के तपाईंले अनावश्यकरूपमा मानिसहरूलाई परम्पराको नाउँमा परमेश्वरले निर्देशन नदिनुभएको भारीले लादिरहनुभएको छ?**

## ५. पावल र गलातीका विश्वासीहरू

**यरुशलेमको परिषदले जुन प्रस्ताव पारित** गर्‍यो त्यो स्पष्ट थियो। तैपनि केहि यहूदी-इसाई धर्मगुरूहरूले त्यस निर्णयसँग सहमति जनाएका थिएनन् । तिनीहरू आफ्नै चालमा हिँडेर गैर-यहूदी इसाईहरूलाई यहूदी धार्मिक परम्परा मान्न जोड दिइरहेका थिए। पावलको निम्ति यो अत्यन्त गम्भीर मामिला भएको थियो। ती यहूदी इसाईहरूले विश्वासका दन्हिला बुँदाहरूसँग खेलबाड गरिरहेका थिए। यदि मानिसहरूले यहूदी संस्कारमा भएका रीतिथितिलाई मानी नै रहृयो भने येशूको सुसमाचारको औचित्य नभएको पावलले बुझेका थिए।

**गलातीको चर्चका विश्वासीहरुको बीचमा गम्भीर समस्या आइरहेको थियो। त्यो के हो त? गलातीहरूले सामना गरिरहेको समस्या कस्तो गम्भीर थियो? त्यो विषय कतिको महत्त्वपूर्ण छ भनेर हामीलाई बुझाउन खोजिएको छ? हेर्नुहोस्, गलाती १:१-१२ "१ पावल ख्रीष्टको एक प्रेरित, जो मानिसहरूबाट वा कुनै मानिसद्वारा पठाइएको होइन, तर येशू ख्रीष्ट र परमेश्वर पिता, जसले उहाँलाई मृत्युबाट जीवित पार्नुभयो, उहाँबाट पठाइएको हुँ, २ म र मसँग हुने सबै भाइहरूबाट, गलातियाका मण्डलीहरूलाईः ३ परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट तिमीहरूलाई अनुग्रह र शान्ति। ४ हाम्रा परमेश्वर र पिताको इच्छाअनुसार उहाँले यस वर्तमान दुष्ट युगबाट हामीलाई छुटकारा दिनलाई हाम्रा पापका निम्ति आफैलाई अर्पण गर्नुभयो। ५ परमेश्वरलाई सदासर्वदा महिमा भइरहोस्। आमेन। ६ मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँडै त्यागेर तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ। ७ वास्तवमा अर्को सुसमाचार छैन, तर यस्ता कोहीकोही छन्, जसले ख्रीष्टको सुसमाचारलाई भ्रष्ट पार्न खोज्छन्। ८ हामीले प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गर्‍यो भने पनि त्यो व्यक्ति श्रापित होस्। ९ हामीले अघिदेखि नै भनेजस्तै म फेरि अहिले पनि भन्दछु, तिमीहरूले जुन सुसमाचार ग्रहण गरेका छौ, त्यसको विपरीत अरू कसैले तिमीहरूलाई प्रचार गर्दछ भने, त्यो श्रापित होस्। १० के म मानिसहरूको निगाह खोज्दैछु, कि परमेश्वरको? अथवा के मैले मानिसहरूलाई खुशी पार्न खोज्दैछु? यदि मैले अझै मानिसहरूलाई खुशी पार्न कोसिस गरेको भए म ख्रीष्टको दास हुनेथिइनँ। ११ भाइ हो, तिमीहरूले यो जान भन्ने म चाहन्छु, कि मैले प्रचार गरेको सुसमाचार मानिसको सुसमाचार होइन। १२ किनकि मैले यो**

**कुनै मानिसबाट पाएको होइनँ, न मलाई यो सिकाइएको थियो, तर येशू ख्रीष्टको प्रकाशद्वारा मैले यो पाएको हुँ।"**

**पावलले** रोमीहरूलाई लेखेको पत्रका विषयबस्तुहरू प्रायजसो गलातीमा के भइरहेको थियो त्यसलाई नै ध्यान दिएर लेखेका थिए। गलातीको पत्रमा उल्लेख गरेका धेरै जसो विषयवस्तुहरूलाई रोमीको पुस्तकमा अझ थपेको पाइन्छ। मोशाद्वारा दिइएको सम्पूर्ण व्यवस्थाहरू महत्वपूर्ण छन् र तिनीहरूलाई तोड्नुहुन्न र ती व्यवस्थाहरूलाई कायम नै गरिराख्नुपर्छ भनेर यहूदी-इसाईहरूले गैर-यहूदी इसाईहरूलाई जोडकातोडले सिकाइरहेका थिए। तर व्यवस्थाको मूल सार के हो, अर्थात् त्यसको सत्य व्याख्या के हो भनेर देखाउन पावलले कोसिस गरिरहेका थिए। रोममा पनि गलातीमा जस्तै ती यहूदी-इसाईहरू मजबूत भएर सत्य इसाई विश्वासमा तगारो नबनुन् भनी पावल चाहन्थे।

रोमी र गलातीको पुस्तकहरूमा पावलले वादविवाद गरेका विषयवस्तुहरू धार्मिक संस्कार वा नैतिक व्यवस्थाहरूको बारेमा थिए भनेर सोच्नु मनासिब देखिँदैन। तर गैर-यहूदीहरूले पनि खतना गर्नुपर्छ र मोशाको व्यवस्थालाई पालन नै गर्नुपर्छ भन्ने ऐतिहासिक विवादलाई पावलले औंल्याएका थिए। यसबारे यरुशलेममा गठित परिषदले निर्णय गरिसकेको थियो। तर कतिपयको निम्ति त्यो निर्णय अमान्य भएको थियो। कतिले त पावलले लेखेको रोमीहरू र गलातीहरूको पत्रहरूलाई नै आधार बनाएर यरुशलेमको परिषदले गरेको निर्णय गलत थिए भनेर सिकाएका थिए। अब इसाईहरूले दश आज्ञा (विशेष गरेर चौथो आज्ञा)लाई पालन गर्नु पर्दैन भनेर पावलले सिकाउँछन् भनेर ती विरोधीहरूले दावी गरेका थिए। यद्यपि तिनीहरूले पावलले भन्न खोजेका मूल विषयबस्तुहरू र ऐतिहासिक प्रसङ्गमा सम्बोधन गरेका विषयहरूलाई बुझ्न सकेका थिएनन्। मुक्ति भनेको विश्वासद्वारामात्रै हो धार्मिक कर्मकाण्डले होइन न त नैतिकबान भनेर पाइन्छ भनेर पावलले सिकाएको कुरालाई तिनीहरूले स्पष्ट रूपमा बुझेका थिएनन्। यसको अर्थ, दश आज्ञाहरू वा नैतिक व्यवस्थालाई पालन गर्नुपर्दैन भनेर पावलले भन्न खोजेको होइन। दश आज्ञाहरूको विषयबस्तुको बारेमा कहिल्यै पनि समस्याको रूपमा खडा भएको थिएन। आज पनि ती नै पदहरूलाई लिएर कतिपय इसाईहरूले येशू क्रुसमा मर्नुभएको कारणले अब हामीले दश आज्ञाहरूलाई पालन गर्ने औचित्य समाप्त भयो भनेर सिकाइरहेको पाउँछौं। साबथलाई पनि पालन गर्नुपर्दैन भनेर तर्क

गर्दछन्। तर पावलले औंल्याउन खोजेको विषयवस्तु एकदम भिन्नै थियो भन्ने कुरामा तिनीहरूको ध्यान जान्दैनन्।

**अब हामीले अदनको बँगैचामा नै पापको प्रवेश गर्नुभन्दा अघि दिएको साबथको पालनाको औचित्य छैन भनेर सिकाउनेहरूलाई के जवाफ दिने? साबथको सत्यता सुसमाचारको गरिमासँग असहमत छैन भनेर तपाईंले कसरी देखाउनुहुन्छ?**

## उपसंहारः

थप जानकारीः श्रोत उपलव्ध भएमा एलेन जी ह्वाइटका यी लेखहरू पढ्नुहोस्ः द *आक्टस् अभ आपोस्टल्स*मा लिखित, "ज्यु एण्ड जेन्टाइल्स" पृ. १८८-१९७, १९४-१९७, "आपोस्टेसी इन गलेशिया" पृ. ३८३-३८८ः *पाट्रियार्क एण्ड प्रोफेटस*मा लिखित, "द ल गीभन टु इस्रायल," पृ. ३१०-३१२, "द ल एण्ड कभनेन्टस" पृ. ३७०-३७३ः *द डिजायर अभ एजेज*मा लिखित, "द चोजन पिपुल" पृ. २७-३०।

विभिन्न समयहरूमा हामीहरूको चर्चले विभिन्न विवाद र असहमति हुने चलनलाई सामना गरिरहेको छ। तर यो कुनै नौलो कुरो होइन। शैतानले चर्चसँग सधैं युद्ध गरिनै रहेको छ। इसाई इतिहास सुरू भएको समयदेखि नै विश्वासीहरूको बीचमा अनेकौं बिवाद र मतभेदहरू देखा परेका थिए। तर एउटा बिवाद थियो जसको समाधान नगरिएको भए चर्चलाई यसको सुरूवात भएकै समयमा नाश गर्न सक्थ्यो।

"जेरुशलेमबाट आएका झुटा धर्मगुरूहरूको प्रभावमा परेर गलातीका विश्वासीहरूले गलत विश्वासहरू अङ्गालेका थिए। त्यसले गर्दा विश्वासीहरूको बीचमा अनेकौं फूट, झुठा सिद्धान्तहरू र उत्तेजनात्मक सोचहरू चर्को गतिमा बढिरहेका थिए। ती झुटा तथा इसाई हुँ भनेर दावीगर्ने धर्मगुरूहरूले सुसमाचारको सत्यतासँग यहूदी परम्परा र संस्कारहरू मिसाएका थिए। यरूशलेममा येशूका चेलाहरूसहित गठन भएको परिषदको निर्णयलाई तिनीहरूले वेवास्ता गरि यहूदी धर्मका धार्मिक विधि तथा संस्कारहरूलाई पालन गर्न गैर-यहूदी जातका विश्वासीहरूलाई ती यहूदी-इसाईहरूले उक्साइ रहेका थिए।" एलेन जी ह्वाइट, द *आक्टस् अभ आपोस्टल्स,* पृ. ३८३बाट रूपमान्तरित।

**चिन्तनमननः-**

१. चौथो बुँदाका प्रश्नलाई फेरि सोच्नुहोस्। अरूमाथि र आफैमा कुन अनावश्यक बोझहरू तपाईं वा तपाईंको स्थानीय चर्चले लादिरहेका होलान्? ती बोझहरू उचित थिए भनेर कसरी तपाईंले भन्नुहुन्छ? अर्थात् इसाई भयो भन्दैमा अब जे गर्नपनि स्वतन्त्र भयौं भनेर अर्को उग्र नीतिमा हिंड्नु के उचित छ त? हाम्रो जीवनशैली र आदर्शले येशूका नीतिहरूलाई प्रतिविम्ब गर्छन् कि संसारका नीतिहरूमा?

२. येशू क्रुसमा टाँगिनुभएकोले दश आज्ञाहरूको औचित्य समाप्त भयो भनेर अधिकांश इसाई धर्मगुरूहरूले आज पनि सिकाइरहेकोको परिप्रेक्ष्यमा तपाईं के भन्नुहुन्छ? ती दावी किन गलत छन् त? तिनीहरूलाई हामीले कसरी जवाफ दिने? परमेश्वरको दश आज्ञाहरूलाई पालन गर्न आवश्यक छैन किनभने ती हटिसकेका छन् भनेर विश्वास गर्नेहरू त्यसको आदर्शमा नचल्न चाहेको के तपाईंले देखिरहुनभएको छ?

३. गलातीको एक अध्यायको प्रथम १२ पदहरू पढ्नुहोस्। सुसमाचारको ज्ञानमा आफू कसैसँग वा कुनै शिक्षादीक्षासँग सम्झौता नगरेको आफ्नो नीतिलाई पावलले देखाउँदछन्। बर्तमान बहुधर्म र बहुजातिहरूको बीचमा रहेर पनि बाइबलको कुनै कुनै सिद्धान्त तथा शिक्षादीक्षाहरूमा अडिग भएर बस्नु किन जरुरी छ? धर्म वा आस्थालाई लिएर कसैसँग पनि सम्झौता हुँदैन भनेर हामीहरूको आचरण र हामीमा भएको ज्ञानले कसरी देखाउँछ?

४. पाँचसय वर्ष अघि भएको प्रोटेस्टेन्ट रिफोर्मेशन अर्थात् रोमन क्याथोलिक चर्चक खिलाफमा चलेको सुधारबादी आन्दोलनको बारेमा सोच्नुहोस् र के मौलिक कुराहरूमा सबै इसाईहरू समान भएको देखाइएको छ?

कथा २

## मसाजले गर्दा ढोका खुल्छ

## निकोलाई (युरो-एशिया डिभिजन)

*एक दिन निकोलाईको यस्तो चिन्ताले भरिएको फोनकल आयो जसले गर्दा उसको परिवारमा सदाको निम्ति परिवर्तन ल्यायो।*

वीस वर्षको सेभेन्थ-डे एडभेन्टिस्ट निकोलाई त्यस्तो मुसलमान देशमा बस्दछ जहाँ येशूको प्रचारमा प्रतिवन्ध लगाइएको छ र साथै इसाई हुँ भन्न पनि अत्यन्त खतरा थियो। अरू कुनै देशमा एडभेन्टिस्ट चर्चले संचालन गरेको मसाज थेरापीमा उसले एक महिना तालिम लिएको थियो। घर फर्केपछि कसैको मसाज गर्नुपर्‍यो भने आफू आइदिन्छु भनेर फेसबुकमा उसले विज्ञापन निकाले।

### हैरानभएको आमा

उसले विज्ञापन दिएको केही दिनपछि एक जना आमाले अत्यन्त चिन्तितस्वरले आफ्नो युवक छोरालाई उपचार गरिदिन बिन्तिभाऊ गरिन्। निकोलाई हिचकिचायो जब उसले ती आमाको छोरा अपाङ्ग भएको थाहा पायो र भन्यो, "मलाई धेरै थाहा छैन र मेरो अनुभव पनि छैन। मसाज गर्न केवल सुरूमात्र गरेको हुँ।"

तर आमाले कर गरिन् र भनिन् "तैपनि आउनुहोस न। मेरो छोरोलाई सहायता कसैले पनि सहायता गर्न चाहँदैन।"

निकोलाइले आनाकानी गर्दै तिनको छोरोलाई व्यक्तिगत रूपमै भेट्न जान मञ्जुर गर्‍यो। तर जब उसले तिनको छोरोलाई देखे उसको रोग एकदम गम्भीर भएको थाहा पाएर भन्यो, "मलाई माफ गर्नुहोस्। तपाईंको छोरोलाई सहायता गर्न मेरो धेरै अनुभव छैन न त कुनै ज्ञान नै छ।"

आँखाभरि आँसु पारेर आमाले भनिन्, "मलाई सहयोग गर्नुहोस्। मसाज गर्ने धेरै मानिसहरूसँग अनुरोध गरैं तर कसैले पनि सहयोग गर्न मानेनन्। अब तपाईंमात्र एक जना बाँकी हुनुहुन्छ। तपाईं मेरो अन्तिम आशा हो।"

निकोलाईको हृदयमा ती प्रिय आमाप्रति दया जागेर आयो। "हुन्छ त" उसले भन्यो। " एउटा सर्तमा म तपाईंको छोरोलाई सहयोग गर्न सक्छु। म इसाई हुँ र तपाईंको छोरोलाई उपचार गर्न मलाई बुद्धि र ज्ञानको

आवश्यकता छ। यदि प्रत्येक मसाज गर्ने समय अघि तपाईंले मलाई प्रार्थना गर्न दिनुभयो भने तपाईंको छोरोलाई सहयोग गर्न परमेश्वरले मलाई बुद्धि दिनुहुनेछ।" अचम्म मान्दै आमाले सहमति जनाइन्।

जब तेस्रो पल्ट निकोलाई त्यो छोरोलाई उपचार गर्न आयो तब त्यस छोरोको बाबु त्यहाँ थियो र शङ्कालु आँखाले आफ्नो छोरोलाई प्रार्थना पछि मसाज गर्न थालेको हेरिरह्यो। उक्त बाबु सरकारको कुनै ठूलो ओहोदामा बसेको कर्मचारि भएको निकोलाईलाई थाहा भयो। निकोलाईको सातोपुत्लो गयो तर उसले केही पनि गर्न सकेको थिएन। कुन् सर्तमा छोरोलाई सहयोग गर्न आफू सहमत भएको निकोलाईले उक्त बाबुलाई भन्यो। त्यस्तो गम्भीर छोरोको उपचार गर्न आफू त्यस्तो योग्य नभएको र आमाको अनुरोधमा आफूले परमेश्वरसँग सहयोग माग्न दिएपछिमात्र उपचार गर्ने सर्त राखेपछि उपचार सुरू गर्न थालेको निकोलाईले बतायो।

निकोलाईको वचन बाबुलाई चित्त बुझ्यो र आफ्नो कामलाई निरन्तरता दिन अनुमति दिए।

केही मसाज सेसनपछि एक दिन त्यो छोरोलाई मसाज दिइरहेको बेलामा बाबुलाई अत्यन्त जरुरी फोनकल आयो। फोन केको थियो भनेर निकोलाईलाई थाहा थिएन तर त्यो अपर्झट वा इमर्जेन्सी थियो भनेर निकोलाईलाई थाहा भयो। बाबु हत्तपत्त लुगा लगाएर बाहिर जान खोजे। निकोलाईले उनलाई ढोकामा रोकेर भने, "हजुर, तपाईंले पाउनुभएको फोनकल कस्तो इमरजेन्सी हो सो मलाई थाहा छैन। तर के तपाईं जानुभन्दा अघि म तपाईंको निम्ति प्रार्थना गर्न सक्छु र?"

बाबुले सहमति जनाएर। निकोलाईलाई कहिल्यै थाहा भएन कि त्यो इमर्जेन्सी के थियो तर जे भएतापनि समस्या सुल्झिएको उसले थाहा पायो।

**अपेक्षा नगरेको सिफारिस**

जब मसाज थेरापी हुँदै थियो तब त्यस छोरोको आमाबाबुले आफ्नो बिरामी छोरोमा केही परिवर्तन आएको देखे। छोरो पूर्णरूपमा निको भएको थिएन तर उसमा उल्लेखनीय रूपमा परिवर्तन आएको थियो। पहिले गर्न नसकेको कामहरू उसले गर्न थालेको थियो। उसका आमाबाबु अत्यन्त खुशी भए। त्यस बाबुले उच्च तहमा रहेको आफ्ना अरू सरकारी मानिसहरूलाई भन्न थाले, "तपाईंहरूले विश्वासै गर्न सक्नुहुन्न कुन् मसाज थेरापिस्टले मेरो छोरोलाई सहयोग गर्दैछ। हाम्रो देशमा त्यो जस्तो असल थेरापिस्ट अरू कोही

पनि छैन। तपाईंहरूले पनि उसको उपचारको सहयोग माग्नुभए असल हुन्छ।"

त्यस सरकारी अधिकारीको सिफारिस पाएर निकोलाई उक्त देशको उच्च सरकारी कर्मचारीहरूको समूहलाई मसाज गर्न पुग्यो। तर निकोलाईले परमेश्वरको यो प्रतिज्ञालाई आत्मसात् गरेको थियो, "मलाई शक्ति दिने येशू ख्रीष्टको सहयोगले म सबै थोक गर्न सक्छु" (फिलिप्पी ४:१३ रूपान्तरित)।

येशूको बारेमा प्रचार गर्न प्रतिवन्ध लगाएको देशमा सुसमाचार कसरी फैलाउने भन्ने मामिलामा हामीलाई चिन्ता हुनसक्छ तर हामीले निकोलाईको कथाबाट हामीले कस्तो शक्तिशाली परमेश्वरको सेवा गरिरहेकाछौं भनेर थाहा पाउनुपर्छ। निकोलाईको जस्तो तपाईंसँग अनुभव नहोला तर यदि तपाईंले परमेश्वरसँग ज्ञानबुद्धिको निम्ति प्रार्थना गर्नुभयो भने परमेश्वरले अचम्म तरिकाले ढोका खोलिदिनुहुन्छ भन्ने कुरो थाहा पाउनुहुनेछ।

निकोलाई रहेको देश जुन येशूको बारेमा प्रचार गर्न प्रतिवन्धित देश युरो-एशिया डिभिजनको निम्ति प्रार्थना गर्नुहोस्। तपाईको भेटीको निम्ति धन्यवाद दिन्छौं। त्यसले गर्दा संसारका कठिन ठाउँहरूमा सुसमाचार पुऱ्याउन सकिन्छ।

युरो एशिया डिभिजनका केही तथ्यहरू: प्रायजसो युरो यशिया डिभिजनका देशहरू पहिलाको सोभियत युनियनभित्र थिए। अहिले ती देशका जनसंख्या ३२२०००००० (३२ करोड बीसलाख) छन्। ती देशहरूमा जम्मा ११२,०००जति एडभेन्टिस्टहरू छन् अर्थात् प्रत्येक २,८७५मा एक जना एडभेन्टिस्ट छन्। ती देशमा समावेश भएका देशहरू यी हुन्: अफगानिस्तान, काजकास्तान, किर्गिस्तान, ताजिकिस्तान, तुर्कमेनिस्तान र उजबेकिस्टतान छन्। ती देशहरूमा इस्लाम धर्मको बाहुल्यता छ।